निर्णयहरु :

निर्णयहरू

निर्णय नं. १ :

जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १० स्थित तिनपिप्ले निर्माण सेवा (स्थायी लेखा नं. ३००१२४०५५) ले ३ नं. प्रदेश, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची नगर कार्यपालिकाको कार्यालय र मेलम्ची नगरपालिका अन्तर्गत गठित बोलपत्र मूल्याङ्कन समितिलाई विपक्षी वनाई सम्ममानीत उच्च अदालत, पटन, ललितपुरमा दायर भएको (मुद्धा नं. ०७५-WO-०२२३) उत्प्रेषण परमादेशको सन्दर्भमा मेलम्ची नगर कार्यपालिकाको कार्यालय र बोलपत्र मूल्याङ्कन समितिको तर्फबाट लिखित जवाफ दर्ता गर्नको लागि मेलम्ची नगरकार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देवी प्रसाद थपलियालाई अख्तियारीनामा दिने निर्णय गरियो ।

निर्णय नं. २ :

मेम्ची नगर कार्यपालिकाको आगामी वैठक मिति २०७५ साल असोज २८ गते वेलुकी ५:४० बजे बस्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

मेलम्ची नगरपालिका वडा नं. ७ का जोखिम तथा अति विपन्न वर्गमा परेका भूकम्प पीडित लाभग्राहीहरूले हालसम्म पनि स्थायी आवास निर्माण गर्न नसकी थप सहयोगका लागि केयर नेपाल र सि.एस.आर.सि. लाई सिफारिस गरिदिन सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त सम्बन्धमा सम्बन्धित वडावाट सिफारिस भई आएका जोखिम तथा अति विपन्न वर्गमा परेका भूकम्प पीडित लभग्राहीहरूको स्थायी आवास निर्माण गर्नको लागि केयर नेपाल र सि.एस.आर.सि. नामक संस्थालाई स्वीकृती दिने निर्णय गरियो ।

७५।६।२३